**स्यानिटरी प्लम्बिङ्ग सहायक प्रशिक्षक (सहायकस्तर प्रथम श्रेणी) पदमा सिफारिस हुनु भएका श्री सरस्वती घिमिरेलाई योग्यताक्रमको सूचीबाट नाम हटाई बैकल्पिक उम्मेदवार (प्रतिक्षा सुची) को १ नम्बर मा सिफारिस हुनु भएका श्री सुस्मिता कुमारी सुतिहारलाई स्थायी नियुक्ति पत्र बुझ्न आउने बारेको अत्यन्त जरूरी सूचना !**

सूचना प्रकाशित मिति २०८२।०७।१७ गते

शलिकरामको नातिनी, मेघनाथको छोरी पाणिनी-५, अर्घाखाँची स्थायी ठेगाना भएकी तपाई श्री सरस्वती घिमिरेलाई परिषद्को पदपूर्ति समितिको मिति २०८२।०५।१९ गतेको सिफारिस अनुसार परिषद्को विज्ञापन नम्बर १२१/०८०-०८१ (महिला) प्राविधिक तथा प्रशिक्षण सेवा, इन्जिनियरिङ्ग समूह, स्यानिटरी प्लम्बिङ्ग उपसमूह, सहायकस्तर प्रथम श्रेणीको स्यानिटरी प्लम्बिङ्ग सहायक प्रशिक्षक पदमा सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र स्थायी नियुक्ति पत्र बुझ्न आउनु पर्नेमा तोकिएको म्यादभित्र पत्र बुझ्न नआउनु भएको हुँदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कर्मचारी सेवा शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६९ (छैटौं संशोधन सहित) को बिनियम ३३(३) बमोजिम तपाईलाई उक्त पदको योग्यताक्रमको सूचीबाट नाम हटाइएको व्यहोरा परिषद् कार्यालयको मिति २०८२।०७।१६ गतेको निर्णयानुसार जानकारी गराइन्छ ।

साथै उक्त पदमा बैकल्पिक (प्रतिक्षा सुची) उम्मेदवारको १ नम्बरमा सिफारिस हुनु भएका विसुननाथको नातिनी, राज कुमारको छोरी हरिनगर-५, सुनसरी स्थायी ठेगाना भएकी रोल नम्बर १२०१७२ का उम्मेदवार श्री सुस्मिता कुमारी सुतिहारलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त पदमा स्थायी नियुक्ति पत्र बुझ्न आउनु हुनको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ ।

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**प्रशासन महाशाखा, सानोठिमी, भक्तपुर ।**

२०८२/०७/१६